# बैठक नं: ७८

आज मिति २०७८ साउन १० गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ७८ औ कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख वहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल वहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज वहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा नगर शिक्षा प्रमुख शिक्षा तथा खेलकुद शाखा
२. जिवलाल श्रेष्ठ अधिकृत छैठौं तह प्रशासन तथा योजना शाखा
३. राम कुमार श्रेष्ठ स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य शाखा
४. शिव सापकोटा अधिकृत छैठौं, आर्थिक विकास शाखा
५. टिकाराम बत्याल इन्जिनियर पुर्वाधार शाखा
६. कृष्ण हरी सापकोटा सूचना अधिकारी, सूचना प्रविधि शाखा
७. मेघराज पौड्याल सहायक पाँचौं पञ्जिकरण शाखा
८. खिमराज गौतम अमिन अमिन शाखा

**मिति २०७८।४।१० गतेको ७८औं नगर कार्यपालिकाको बैठकमा प्रस्तुत छलफलका विषय**

१, जग्गाको मुल्यांङकन रकम शंसोधन सम्वन्धमा

२, स्थानीय तहको दर-रेट निर्धारण गर्ने सम्वन्धमा

३, आ.ले.प. गर्न को.ले.नि.का. लाइ अनुरोध गर्ने सम्वन्धमा

४, वडा नं. ५ र ९ को सडक कालोपत्रेकोलागि रकम व्यवस्था गरी म्याद थपका लागि अनुरोध गर्ने सम्वन्धमा

५, क्षतिको मुल्यांङकन सम्वन्धमा

६, शव दाहस्थलको सरसफाइ तथा व्यवस्थापन गर्ने सम्वन्धमा

Scanned with CamScanner

मिति २०७८।४।१० गतेको नगर कार्यपालिकाको ७८औं बैठकमा छलफल भई निर्णय भएका विषयहरु

निर्णय नं. १,

प्रस्ताव नं. १ उपर छलफल गर्दा चालु आ.व. २०७८/०७९ का लागि मालपोत कार्यालय नवलपरासी (ब.सु.पू.) कावासोतीबाट रजिष्ट्रेशन हुने लिखतमा थैली कायम गर्ने प्रयोजनका लागि रकम निर्धारण हुँदा मालपोत कार्यालयबाट रजिष्ट्रेशन हुने लिखतमा निर्धारित दर वा स्थानीय तहबाट निर्धारित मुल्यांङ्कन दर रकममा जुन रकम बढीहुन आउछ सोही बढी रकमलाई आधार मानी रजिष्ट्रेशन लिखत थैली कायम गर्ने भन्ने निर्णय भए अनुसार स्थानीय नगरवासीहरुले जग्गा जमिन विक्रि वितरण तथा घर जग्गा कारोवार गर्दा राजीनामा लिखित पारितका सिलसिलामा यस नगरपालिकाको लागि रजिष्ट्रेशन लिखत शुल्क अत्यधिक महङ्गो पर्न गएकोले कारोवार गर्न नसकिएको भनी वडा कार्यालय तथा नगरपालिका कार्यालयमा समेत वारम्वार अनुरोध भई आएकोले नगरवासीहरुले जग्गाको रजिष्ट्रेशन लिखित पारित गर्दा वास्तविक रकमसंग मेलखाने गरी जग्गाको मुल्यांङ्कन गर्ने सम्वन्धमा २०७८ साल साउन २१ गते दिनको ११.००बजे विशेष नगर सभा आमन्त्रण गरी सो सम्वन्धि विषय नगर सभामा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. २,

प्रस्ताव नं. २ उपर छलफल गर्दा चालु आ.व.२०७८/०७९ मा नवलपरासी जिल्ला (ब.सु.पू.) का लागि निर्धारित जिल्ला दररेट अनुसार कायम भएको दररेटमा कतिपय स्थानीय सामाग्रीहरुमा प्रचलित बजार मुल्य भन्दा बढी दररेट उल्लेख भएको देखिन आएकोले स्वीकृत जिल्ला दररेटमा स्थानीय स्तरमा उपलव्ध हुन सक्ने निर्माण सामाग्रीहरुको वास्तविक मुल्य समावेश गरी चालु आ.व. २०७८/०७९ का लागि देवचुली नगरपालिका क्षेत्रका लागि स्थानीय दररेट पुनरावलोकन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३,

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकाबाट सम्पादन गरिएका आ.व. २०७७/०७८ को आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण गरी लेखा स्रेस्ता अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयमा आ.ले.प. दरवन्दी रिक्त रहेको र उक्त आ.व. को २०७७ पौष मसान्तसम्मको लेखा स्रेस्ता काजमा खटिइ आउनु भएका आ.ले.प. अधिकारीबाट लेखा परीक्षण भइ सकेकोमा २०७७ माघ देखि असार मसान्त सम्मको आन्तरिक लेखा परीक्षण सम्वन्धी कार्यका लागि जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ४,**

प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.व. २०७७/०७८ मा गण्डकी प्रदेश सरकारबाट ससर्त अनुदान स्वरुप यस कार्यालय अन्तरगतका वडा नं. ९ को लोकाहा खोला पूल हुँदै घुमाउरे पिकनिक स्पोर्ट (भू.पू. सैनिक मार्ग) सडक कालोपत्रे कार्यका लागि रु, ५० लाख र वडा नं ५ को मिलनचोक देखि उत्तर नीलपोखरी भन्ज्याङ सडक कालोपत्रे कार्यका लागि रु, १ करोड उपलब्धका लागि बजेट सुनिश्चित भएकोमा देशभर फैलिएको कोरोना महामारी तथा जेष्ठ मसान्त देखि नै अविरल वर्षादका कारण तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकेको र उक्त कार्य निरन्तर रुपले संचालनको क्रममा अधुरो अवस्थामा रहेकोले आ.व. २०७७/०७८ को स्वीकृत बजेटको परिधिभित्र रही वडा नं. ९ को लोकाहा खोला पूल हुँदै घुमाउरे पिकनिक स्पोर्ट (भू.पू. सैनिक मार्ग) सडकका लागि रु, २८,६६,०००।- र वडा नं. ५ को मिलनचोक देखि उत्तर नीलपोखरी भन्ज्याङ सडक कालोपत्रे कार्यका लागि रु, ३५,४२,०००।- बजेट व्यवस्था गरी ३ महिनाका लागि म्याद थपका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ५**

आ.व. २०७७/०७८ को जेष्ठ ३१ गते देखि अविरल आइरहेको वर्षाका कारण यस नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुका क्षति पुग्न गएकोले क्षतिपूर्ति स्वरुप राहत सहयोग उपलब्ध गराइपाउनका लागि यस कार्यालयमा निवेदन/सिफारिस भई आएकोमा कुन कुन क्षेत्रमा के कति क्षति पुग्न गएको र सो क्षतिका लागि नगरपालिका स्तरबाट के कस्तो राहत उपलब्ध गराउन सकिने हो ? सो को एकिन राय पेश गर्नका लागि नगरस्तरीय विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, प्राविधिक कर्मचारी समेत रहेको टोलीबाट क्षतिग्रस्त स्थानको स्थलगत अनुगमन गरी क्षतिको एकिन विवरण आगामी नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६,**

यस नगरपालिका वडा नं. २ स्थित शव दाहस्थलको सरसफाइ तथा व्यवस्थापनका लागि हालसम्म प्रति लास रु, ३००।- का दरले सहयोग रकम संङकलन गरी शवदाहस्थलको सरफाइ तथा व्यवस्थापन सम्वन्धि कार्य गरिदै आएकोमा उक्त कार्यमा खटिएका स्वयमसेवकलाइ जीविको पार्जन स्वरुप मासिक रु, ९,०००।- उपलब्ध गराउने गरी सरसफाइ कार्यमा खटाइएकोमा उक्त शबदाहस्थल व्यवस्थापन समतिबाट सो कार्यका लागि रकम अभाव भइ सरसफाइ तथा व्यवस्थापन कार्य संचालनमा कठिनाइ परेकोले थप आर्थिक सहयोगउपलव्ध गराउन अनुरोध भइ आएकोले प्रति लास रु, ३००।- का दरले रकम संङकलन हुंदा नपुग हुनआउने रकमका हकमा प्रचलित कानूनको परिधिभित्र रही नगरपालिका कार्यालयबाट नपुग रकम उपलव्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner